दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं:२०७७०७८
च.नं :

मिति :२०७७/१०/१४

## बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट बिकास कार्यकम संचालन सम्बन्धि आबेदन दिने बारेको सुचना ।

प्रस्तुत बिषयमा यस दंगीशरण गाँउपालिकाको आ.ब. २०७७०७८ को सङ्घिय सरकार बाट हस्तान्तरीत कार्यक्रम तर्फको **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अर्न्तगत तपशिलका क्षेत्रहरुमा निम्नानुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक पशुपालन/कृषि,समुह/सहकारी /जल/बन उपभोक्ता समिति/कृषि फार्म कम्पनीहरुले आबस्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितीले ३० औ दिन अर्थात मिति २०७७/११/१३ भित्र तोकियको ढाचा(अनुसुचि १० ) अनुसार यस गाउँपालिकाको पशुसेवा शाखामा आबेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस सम्बन्धि थप जानकारीको लागि यस गाउँपालिकाको पशुपन्छी सेवा शाखामा सर्म्पक गर्नुहून अनुरोध छ ।

| क्र.सं | कार्यक्रमको नाम | पकेट संख्या | अनुदान रकम ( अधिकतम ) | कैफियत |
|---|---|---|---|---|
| १ | बाखाको साना व्यबसायिक कृषि उत्पादन केन्द्र(पकेट) बिकास कार्यक्रम | १(एक)(न्यूनतम १००० बाखा हुनुपर्ने ) | १५,००,०००।-(पन्ध्र लाख मात्र ।) | |

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :**

१.सम्बन्धित निकायमा कृषि समुह /सहकारी/संस्था/समिति/कृषि फार्म दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२.कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा /जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।

३.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

४.कार्य समितिको निर्णयको प्रतिलिपि ।

५.करचुक्ता गरेको रसिदको प्रतिलिपि ।

६.वडा कार्यालयको सिफारिस पत्र ।

७.अनुसुचि ६ बमोजिम पकेट मागको लागि आबेदन फारम ।

८.अनुसुचि ७ बमोजिमको आधारभुत तथ्याङ्क फारम ।